**अमरगढी नगरपालिका शिक्षा ऐन, २०८०**

**प्रस्तावनाः**

गुणस्तरीय शिक्षामार्फत राष्ट्रविकासका लागि आवश्यक पर्ने सक्षम र चरित्रवान जनशक्ति विकास गर्न नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन हुने विद्यालय लगायतका शैक्षिक संस्था तथा कार्यक्रमहरूको उचित व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

संविधान प्रदत्त अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) को अधिकार प्रयोग गरी अमरगढी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अमरगढी नगरपालिका शिक्षा ऐन २०८०" रहेको छ।

(२) यो ऐन अमरगढी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ र तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

- "प्रमुख" भन्नाले अमरगढी नगरपालिकाको प्रमुख सम्झनु पर्छ।
- "उपप्रमुख" भन्नाले अमरगढी नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।
- "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ।
- "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।
- "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।
- "कार्यपालिका" भन्नाले अमरगढी नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।
- "कार्यालय" भन्नाले अमरगढी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।
- "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको कोष सम्झनु पर्छ।
- "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनमा र यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।
- "नगरपालिका" भन्नाले अमरगढी नगरपालिका सम्झनु पर्छ।
- "परीक्षा समिति" भन्नाले नगरपालिकामा गठन भएको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति सम्झनु पर्छ।
- "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम विद्यालय पाठ्यक्रम निर्माणको लागि स्थापित निकाय सम्झनु पर्दछ।
- "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको जिम्मेवारी तोकिएको अध्यापक सम्झनु पर्छ।
- "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अमरगढी नगरपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ।
- "प्रारम्भिक बाल शिक्षा कक्षा" वा "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले पाँच बर्ष उमेर नपुगेका बालबालिकाको शिक्षा तथा विकासका लागि सञ्चालन गरिने पूर्व प्राथमिक कक्षा, नर्सरी, केजी, मन्टेसरी, प्रारम्भिक बाल शिक्षा केन्द्र आदि सम्झनु पर्छ।
- "व्यवस्थापन समिति" भन्नाले प्रत्येक विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।
- "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ।
- "विशेष शिक्षा" भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, सुस्त श्रवण, वा यस्तै अन्य शारीरिक वा बौद्धिक अपाङ्गता वा अशक्तता भएका बालबालिकालाई छुट्टै समूहमा राखी फरक माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।
- "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय र प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय समेत सम्झनु पर्छ।

मस्यौदा

- “माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ।
- “शाखा” भन्नाले अमरगढी नगरपालिकाको शिक्षा हेर्ने शाखा सम्झनु पर्छ।
- “शाखा प्रमुख” भन्नाले अमरगढी नगरपालिकाको शिक्षा हेर्ने शाखाको शाखा प्रमुख सम्झनु पर्छ।
- “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।
- “शिक्षक किताबखाना” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरूको अभिलेख कायम गर्ने र उपदान तथा निवृत्तिभरण लगायतको सुविधा व्यवस्थापन गर्ने निकाय सम्झनु पर्छ।
- “आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति तथा बढुवाको सिफारिस आदि कार्य गर्ने शिक्षक सेवा आयोग सम्झनु पर्छ।
- “नगर शिक्षा समिति” भन्नाले कार्यपालिकाले गठन गरेको नगर शिक्षा समिति सम्झनु पर्छ।
- “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।
- “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।
- “संघीय ऐन” अथवा "संघीय कानून" भन्नाले संघीय संसदले बनाएको शिक्षासम्बन्धी ऐन तथा कानूनलाई सम्झनु पर्छ।
- “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी नेपाल सरकार वा नगरपालिकाबाट निजी वा संस्थागत विद्यालयका रुपमा अनुमती प्राप्त विद्यालय सम्झनु पर्छ।
- “सभा” भन्नाले अमरगढी नगरपालिकाको नगर सभा सम्झनु पर्छ।
- “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्छः
  - दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, अटिज्म, सुस्त श्रवण, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा
  - सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा
- “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार वा अमरगढी नगरपालिकाबाट सरकारी वा सामुदायिक विद्यालयका रुपमा अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ।
- “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्नका लागि स्थापित केन्द्र सम्झनु पर्छ।

## परिच्छेद– दुई
## विद्यालयको प्रकार, वर्गीकरण, अनुमती तथा सञ्चालन

**विद्यालयको प्रकारः**

(१) विद्यालय दुई प्रकारका हुनेछन् : (क) सामुदायिक विद्यालय र (ख) संस्थागत विद्यालय।

(२) संस्थागत विद्यालय निम्न प्रकारका हुनेछन् :

(क) कम्पनी ऐनअन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालय

(ग) सहकारीबाट सञ्चालित विद्यालय

**विद्यालयको तहः**

(१) विद्यालयको तह २ वटा हुनेछः

(क) आधारभूतः प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म

(ख) माध्यमिकः कक्षा ९ देखि कक्षा १२ सम्म

(२) आधारभूत तह अन्तर्गत प्रारम्भिक बालशिक्षा कक्षादेखि कक्षा ३ सम्म वा कक्षा ५ सम्म वा कक्षा ८ सम्म शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्नुपर्नेछ तर यस दफाले कुनै समुदायमा प्रारम्भिक बालशिक्षा केन्द्र मात्र सञ्चालन गर्न बाधा पुग्ने छैन।

(३) माध्यमिक तह अन्तर्गत उपदफा (२) सहित कक्षा १० सम्म वा कक्षा १२ सम्म शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्नुपर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि परम्परागत विद्यालयको हकमा कक्षा ४ देखि वा कक्षा ६ देखि वा कक्षा ९ देखि सुरु हुने गरी कक्षाहरू रहन सक्नेछन्।

**माध्यमिक शिक्षाको प्रकारः**

(१) माध्यमिक शिक्षाको प्रकार देहायबमोजिम हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा

(ख) परम्परागत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

**प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क शिक्षा प्रदान गरिने**

(१) नगरपालिका क्षेत्रभित्र प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने दायित्त्व नगरपालिका, सम्बन्धित वडा र विद्यालयहरूको हुनेछ।

(२) कम्तीमा पनि आधारभूत तहसम्मको शिक्षा हासिल गर्नु र आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिकाहरूलाई नियमित रुपमा विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) विद्यालय जाने उमेरका बालबालिकालाई पठनपाठनबाट बञ्चित गराउने उद्देश्यले विद्यालय भर्ना नगराउने वा विद्यालयमा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित गर्न सकिनेछ।

(४) यो ऐन प्रारम्भ भएपछि आधारभूत तहसम्मको शिक्षा पूरा नगरेको व्यक्ति नगरपालिकाको कुनैपनि विद्यालयको कुनैपनि समितिमा सदस्य हुन पाउने छैन। तर ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका पदाधिकारीका हकमा यो व्यवस्था लागू हुने छैन।

(५) आधारभूत शिक्षा प्राप्त नगरेको कुनैपनि व्यक्ति वि.सं.२०८५ साल वैशाख १ गते पश्चात नगरपालिकाको सरकारी सेवामा वा नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्त्व वा नियन्त्रणमा रहेको कुनै पनि संस्थाको सेवामा प्रवेश गर्न वा नगरपालिका क्षेत्रभित्र कुनै पनि सरकारी वा गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनैपनि संस्थामा कुनैपनि पदमा निर्वाचित, नियुक्ति वा मनोनित हुन वा कुनैपनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापक, सेयरधनी, सञ्चालक वा सदस्य वा पदाधिकारी हुन वा उपभोक्ता समितिको सदस्य हुन योग्य हुने छैन।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफाको व्यवस्था प्रारम्भ हुनुअघि कुनै पदमा बहाल भइसकेको वा निर्वाचित, मनोनित वा नियुक्ति भइसकेको वा कार्यरत रहेको वा प्राप्त गरिसकेको वा भोगिसकेको सुविधाको हकमा सो उपदफामा लेखिएको कुराले असर पुर्‍याउने छैन। साथै कमजोर स्वास्थ्य वा बहु अपाङ्गता वा यस्तै अन्य कुनै जटील कारणले शिक्षा लिन नसकेका व्यक्तिका हकमा समेत उक्त उपदफा लागू हुने छैन।

**विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिएबमोजिम अनुमति दिन सक्नेछ।

(३) दूरशिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुने छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**विद्यालय खोल्न अनुमति लिनुपर्नेः**

(१) नगरपालिका क्षेत्रभित्र कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठीअन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा नगरपालिकाको कार्यालयमा अनुमतिको लागि शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम निवेदन गर्दा समुदायको भेलाको निर्णय, नजिकको दुरीमा रहेका कम्तीमा ३ वटा सामुदायिक विद्यालयहरूको सहमति, सम्बन्धित वडा समितिको सिफारिस सहितको निर्णय लगायत अन्य तोकिएका कागजात तथा विवरण पेश गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त कागजातहरूको अध्ययन एवं स्थलगत जाँचबुझ गरी तोकिएको ढाँचामा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना दिन अगावै शाखा प्रमुखले आफ्नो रायसहितको प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा पेस गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा छलफल भई तोकिएको पूर्वाधार पूरा भएको देखिई अनुमति दिन उपयुक्त देखिएमा निर्णयका लागि कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ। अनुमतिको सिफारिस गर्नुपूर्व नगर शिक्षा समितिले सम्बन्धित पक्षसँग थप जानकारी माग तथा आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम नगर शिक्षा समितिबाट पेश भएको सिफारिसका आधारमा कार्यपालिकाबाट अनुमति दिने निर्णय भएमा शाखा प्रमुखले शैक्षिक सत्र सुरु हुन कम्तीमा १ महिना अगावै तोकिएको ढाँचामा अनुमति दिनेछ।

(६) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी प्रारुपमा विद्यालय सञ्चालन गर्न कार्यालयमा निवेदन दिन सक्ने छ।

(७) उपदफा (६) बमोजिम निवेदन परेमा निवेदक विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न अनुमति दिइनेछ। तर देहायका विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुमति दिइने छैनः

क) सरकारी वा सार्वजनिक जग्गा वा भवनमा सञ्चालन भएको विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(८) शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालनको अनुमतिका लागि परेको निवेदनको कारबाही किनारा लगाउने प्रक्रिया पनि यसै दफाबमोजिम हुनेछ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न निवेदन दिएमा त्यस्तो निवेदनको कारबाही किनारा लगाउने प्रक्रिया पनि यसै दफा बमोजिम नै हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कम्पनी अन्तर्गत सञ्चालन गर्ने गरी वा संघीय सरकारको अनुमतिबिना कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर यस दफाले यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका त्यस्ता विद्यालय सञ्चालन गर्न बाधा पारेको मानिने छैन।

(११) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारका निकायबाट अनुमति लिई सञ्चालनमा रहेका विद्यालय यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ तर त्यस्ता विद्यालयहरूले शाखाले माग गरेबमोजिमको विवरण पेश गर्नुपर्नेछ।

(१२) कुनै विद्यालयले यस ऐन बमोजिमको पूर्वाधार पूरा नगरेको पाइएमा नगरपालिकाले जुनसुकै बखत विद्यालयलाई दिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।
(१३) विद्यालय अनुमति र सञ्चालन सम्बन्धी अन्य व्यवस्था, सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

**धरौटी राख्नु पर्ने:**

(१) यस ऐन बमोजिम संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बाफत देहाय बमोजिमको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गरी राख्नु पर्नेछः

(क) माध्यमिक विद्यालयको हकमा चार लाख रूपैयाँ,
(ख) आधारभूत विद्यालय (कक्षा ८ सम्म) को लागि दुई लाख रूपैयाँ,
(ग) आधारभूत विद्यालय (कक्षा ५ सम्म) को लागि एक लाख रूपैयाँ

तर, मुनाफा नलिने गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालनको अनुमति लिंदा धरौटी राख्नु पर्ने छैन।
(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूले समेत यस दफा बमोजिम धरौटी रकम जम्मा गर्नुपर्नेछ।

**विद्यालयको सञ्चालन:**

(१) विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ।

**प्रारम्भिक बाल शिक्षा संचालन:**

(१) नगरपालिकाले प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल शिक्षा उपलब्ध हुने व्यवस्था मिलाउनुपर्नेछ।
(२) कक्षा १ सञ्चालित प्रत्येक विद्यालयमा प्रारम्भिक बाल शिक्षा कक्षा हुनु पर्नेछ।
(३) प्रारम्भिक बाल शिक्षा कक्षा तथा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सकिने:**

(१) समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्रसमेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सकिनेछ।
(२) नेपाल सरकारका निकायबाट यस अघि अनुमति लिई सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्र वा सामुदायिक सिकाइ केन्द्रहरू यसै ऐन बमोजिम स्थापना भएका मानिनेछन् तर त्यस्ता केन्द्रले शाखाले माग गरेबमोजिमका कागजात तथा विवरणहरू उपलब्ध गराउनुपर्नेछ।
(३) सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकेबमोजिम हुनेछ।

**विद्यालय गाभ्न सकिने:**

(१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछः

(क) तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको,
(ख) कक्षा १-३ मा जम्मा ४५, कक्षा ४-५ मा जम्मा ३०, कक्षा ६-८ मा जम्मा ४५, कक्षा ९-१० मा जम्मा ४० र कक्षा ११-१२ मा जम्मा ४० भन्दा कम विद्यार्थी संख्या रहेमा।
(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,
(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको दूरी तीन किलोमिटरभन्दा कम रहेको,
(ङ) दुई वा सोभन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको।
(च) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर/एकीकरण भएर उच्च तहको विद्यालयको हैसियत प्राप्त हुन सक्ने दुई वा सोभन्दा बढी विद्यालय भएको।



मस्यौदा

(छ) जनसङ्ख्या बृद्धिदर कम भएको, जनसङ्ख्या बृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ।

(३) विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले कार्यविधि बनाई लागू गर्न सक्नेछ। यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक सिकाइ केन्द्र जस्ता संस्था बनाउन सकिने छ।

(४) यस दफाबमोजिम सामुदायिक विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ।

**विद्यालयको तह वा कक्षा घटाउन सकिने**

(१) कुनै विद्यालयको यस ऐनबमोजिम विद्यालय गाभ्ने अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ।

**विद्यालयको कक्षा थप गर्न सकिनेः**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त नगर शिक्षा समितिमा पेश गरी समितिको निर्णय अनुसार शाखाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ।

(३) कक्षा ४, कक्षा ६, कक्षा ९ र कक्षा ११ को अनुमतिको प्रक्रिया नयाँ विद्यालयको अनुमति सरह हुनेछ।

**विद्यालयको सङ्ख्या, स्थानान्तरण तथा नाम परिवर्तन सम्बन्धी व्यवस्थाः**

(१) कार्यपालिकाले नगरपालिका क्षेत्रमा रहने सामुदायिक र संस्थागत विद्यालय सङ्ख्याको सीमा वडागत रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा जनसङ्ख्या, विद्यालय नक्साङ्कन, स्कुल जोनिङ् जस्ता प्राविधिक पक्ष समेटी मापदण्ड बनाई नगर शिक्षा समितिको सिफारिसमा गर्नुपर्नेछ।

(३) कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्नुपर्ने भएमा व्यवस्थापन समितिको निर्णयसहित कार्यालयमा निवेदन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध भई आएमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले स्थानान्तरण गर्न सक्नेछ। तर, यसरी स्थानान्तरण गर्दा विद्यालयले प्रचलित कानूनबमोजिम पूरा गर्नुपर्ने दायित्त्व पूरा गरे नगरेको, कुनै बक्यौता बाँकी रहे नरहेको र स्थानान्तरण गर्दा हुन सक्ने असर यकीन गरेर मात्रै गर्नुपर्नेछ।

(५) कुनै पनि विद्यालयले नेपालीपन र राष्ट्रियता झल्किने नाम राखेर विद्यालय सञ्चालन गर्न सक्नेछ। धार्मिक वा जातीय वा साम्प्रदायिक विद्वेष फैलने गरी विद्यालयको नामाकरण गर्न वा नाम परिवर्तन गर्न पाइने छैन।

(६) यो ऐन प्रारम्भ भएपछि कसैलाई पनि विदेशीपन भएको नाम राखेर विद्यालय सञ्चालन गर्न अनुमति दिइने छैन।

(७) कुनै व्यक्तिले विद्यालयको मौजुदा नामसँग आफ्नो नामसमेत जोडी परिवर्तन गराउन चाहेमा माध्यमिक विद्यालयको हकमा रु. ५० लाख र आधारभूत विद्यालयको हकमा रु.३० लाखको नगदी वा जिन्सी सहयोग गर्नुपर्नेछ। तर, यो ऐन जारी हुनु अघि गरिएको सहयोगलाई आधार बनाई कुनैपनि विद्यालयको नाम परिवर्तन गर्न सकिने छैन।

(८) विद्यालयको सङ्ख्या, ठाउँ सारी तथा नाम परिवर्तन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**परिच्छेद– तीन**



मस्यौदा

## शिक्षासम्बन्धी विभिन्न निकायको गठन, काम, कर्तव्य र अधिकार

**नगर शिक्षा समिति**

(१) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरू र अन्य शैक्षिक संस्थाहरूको रेखदेख, व्यवस्थापन, नियमन र समन्वय गर्ने कामको लागि नगरपालिकामा देहायबमोजिमको नगर शिक्षा समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (घ) कार्यपालिकाका सदस्यहरू मध्येबाट महिला र दलित समुदायको प्रतिनिधित्त्व हुने गरी प्रमुखबाट मनोनित दुई जना | - सदस्य |
| (ङ) स्थानीय बुद्धिजिवी, शिक्षाविद् र शिक्षाप्रेमीमध्ये नगर शिक्षा समितिबाट मनोनित एकजना | - सदस्य |
| (च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको एकजना | - सदस्य |
| (छ) संस्थागत विद्यालय वा प्रतिनिधिमुलक संस्थामध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी शाखा प्रमुखको सिफारिसमा प्रमुखले मनोनित गरेको एकजना | - सदस्य |
| (ज) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति वा अभिभावक संघका अध्यक्ष वा प्रतिनिधिहरूमध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी प्रमुखले मनोनित गरेको एक जना | - सदस्य |
| (झ) नेपाल शिक्षक महासंघको नगरस्तरीय समितिको प्रमुख | - सदस्य |
| (ञ) शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

**नगर शिक्षा समिति पुनर्गठन गर्न सकिनेः**

(१) नगर शिक्षा समितिले तोकिएबमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा कार्यपालिकाले त्यस्तो समिति जुनसुकै बखत पुनर्गठन गर्न सक्नेछ। कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा निजलाई नगर शिक्षा समितिले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी पदबाट हटाउनु अघि निजलाई सफाइको मौका दिनुपर्नेछ।

(२) नगर शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्ने छ।

(३) नगर शिक्षा समितिको बैठक भत्ता कार्यपालिकासरह हुनेछ।

(४) समितिको बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(५) नगर शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नगर शिक्षा समितिलाई यस ऐन बमोजिम हुनेगरी कार्यपालिकाले पुनर्गठन गर्न सक्नेछ।

**नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) नगरपालिकाको शैक्षिक नीति तथा योजना तय गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ख) शिक्षा शाखाबाट पेस भएको विद्यालय अनुमति, तह थप, विद्यालय स्थानान्तरण, समायोजन कार्यको सम्बन्धमा आवश्यक निर्णयका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार तथा प्रदेश सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरूप विशेष आवश्यकता भएकाहरूको लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

मस्यौदा

(घ) विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा सहभागी गराउने,
(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि आवश्यक कार्यक्रम बनाउने,
(च) शैक्षिक क्यालेण्डर बनाई सोअनुसार विद्यालय तथा शैक्षिक गतिविधि सञ्चालनको व्यवस्था मिलाउने,
(छ) विद्यालय शिक्षाको गुणस्तर र सुशासन कायम गर्न अध्ययन अनुसन्धान गर्ने गराउने र सो सम्बन्धमा नगरपालिकाले लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव उपलब्ध गराउने,
(ज) स्वतन्त्र लेखापरीक्षकमार्फत विद्यालयको लेखा परीक्षण गराउन आवश्यक मापदण्ड बनाउने र लेखा परीक्षकको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने,
(झ) विद्यालय र नगरपालिकास्तरमा सञ्चालन गरिने परीक्षा तथा विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित बनाउने।
(ञ) विद्यालयका शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
(ट) नगरपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरूको पठनपाठनको व्यवस्था मिलाउने,
(ठ) नगरस्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक लगायतका अतिरिक्त कार्यक्रम सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने,
(ड) सामुदायिक विद्यालयलाई दिइने अनुदानको आधार तयार गर्ने र विभिन्न कार्यक्रमका लागि विद्यालयहरूको छनौट गर्ने
(ढ) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम् मापदण्ड तोक्ने र मापदण्ड बमोजिम भए नभएको अनुगमन गरी सुधार गर्न लगाउने
(ण) शैक्षिक गुणस्तरका लागि सूचकहरू तोक्ने र सूचकमा आधारित मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली स्थापना गर्ने
(त) छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,
(थ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,
(द) शिक्षासम्बन्धी विभिन्न कार्यका लागि विशेषज्ञहरुको समूह बनाउने र परिचालन गर्ने, शिक्षक कर्मचारी लगायत अन्य शैक्षिक जनशक्तिहरूको क्षमता विकाससम्बन्धी कार्यक्रम बनाउने
(ध) संस्थागत विद्यालयले पालन गर्नुपर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्रछात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, सर्त एवं पारिश्रमिक जस्ता विषयको मापदण्ड बनाई नियमन गर्ने गराउने,
(न) सामुदायिक सिकाई केन्द्र र त्यसका जनशक्तिको व्यवस्थापन गर्ने गराउने
(प) समितिले गरेका कामकारबाहीको प्रगति अवस्था बारे समयसमयमा कार्यपालिकालाई जानकारी गराउने
(प) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**कार्यपालिकाको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् :–
(क) नगर शिक्षा समितिमार्फत पेश भएको शैक्षिक योजना स्वीकृत गर्ने।
(ख) शिक्षा तथा शैक्षिक विषयसम्बन्धी ऐन जारी एवं संशोधन गर्न विधेयक सभामा पेस गर्ने, र स्वीकृत ऐनबमोजिम नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्ने
(ग) शैक्षिक योजना तथा कार्यक्रम र शिक्षासम्बन्धी कानून कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत र अन्य विषयगत समितिहरूलाई निर्देशन गर्ने,
(घ) विद्यालयका शिक्षक तथा कर्मचारी सरुवाको मापदण्ड बनाई कार्यान्वयन गर्ने,
(ङ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकाससम्बन्धी कार्ययोजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,
(च) विद्यालयका लागि आवश्यक पर्ने आर्थिक, भौतिक तथा मानवीय स्रोत जुटाउने,
(छ) शैक्षिक विकास तथा अन्तरनिकाय समन्वयका लागि यस ऐनको परिधिभित्र आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

मस्यौदा

(ज) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,
(झ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**वडा समितिको काम, कर्तव्य र अधिकारः**
यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त वडा समितिको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–
(क) विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने,
(ख) नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहितको राय नगरपालिकामा सिफारिस गर्ने,
(ग) विद्यालय समायोजन गर्न, बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने,
(घ) अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, सामुदायिक सिकाइ केन्द्रको कार्य अवस्थाबारे अनुगमन गरी कार्यालयलाई जानकारी गराउने
(ङ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,
(च) वडा क्षेत्रभित्र विद्यालय भर्ना नभएका बालबालिकाको विवरण अद्यावधिक गर्ने र त्यस्ता बालबालिकालाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,
(छ) विद्यालयको पूर्वाधार विकासमा सहयोग पुऱ्याउने
(ज) विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकसँग समयसमयमा अन्तर्क्रिया तथा छलफल गर्ने ।
(झ) कुनै समुदायले आफ्नै स्रोतमा प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न चाहेमा सोको अनुमति दिने र जानकारी शाखालाई गराउने ।
(ञ) नगरपालिका र शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित कार्य गर्ने ।

**प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः**
यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
(क) नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने, गराउने,
(ख) नगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षासम्बन्धी कार्य गर्ने,
(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,
(घ) कार्यपालिका तथा शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षासम्बन्धी कार्य गर्ने,
(ङ) शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, शैक्षिक गुणस्तर अभिवृद्धि तथा उच्च शैक्षिक उपलब्धिका लागि शाखा प्रमुखसँग कार्यसम्पादन करार गर्ने,
(च) विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

**शाखा र शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः**
(१) कार्यालयमा शिक्षा हेर्ने एक शाखा रहनेछ र उक्त शाखाको प्रमुखका रुपमा अधिकृत स्तरको एकजना कर्मचारी र आवश्यकतानुसार अन्य कर्मचारीहरू रहनेछन् ।
(२) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख, शिक्षा समिति तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रही शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–
(क) शिक्षासम्बन्धी नगरस्तरीय योजना तथा अन्य शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने तथा सोसम्बन्धी अभिलेख राख्ने

(ख) नगरपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एवं प्रगति आदि समेटिएको शिक्षासम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्ष प्रकाशित गर्ने,

(ग) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(घ) यस ऐनबमोजिम विद्यालयहरू सञ्चालन भए नभएको, विद्यालयमा शिक्षाको गुणस्तर सन्तोषजनक रहे नरहेको सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनुपर्ने, सुधार गर्नुपर्ने वा विद्यालय बन्द गर्नुपर्ने भएमा तत्सम्बन्धी निर्णय गराई कारबाही प्रक्रिया अगाडि बढाउने,

(ङ) शैक्षिक क्यालेण्डर तथा कार्ययोजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(च) आधारभूत तह (कक्षा ८) को अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्ने र सोको अभिलेख व्यवस्थापन गर्ने, विद्यालय तहका अन्य परीक्षालाई मर्यादीत ढंगबाट सञ्चालन गराउने,

(छ) आधारभूत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुनबमोजिम संशोधन गर्ने तथा संशोधनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) विद्यालयका स्वीकृत दरबन्दी र सरकारी अनुदानका कोटामा हुने शिक्षकको नियुक्ति, पदस्थापन तथा सरुवा सम्बन्धमा शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने, गराउने,

(झ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ञ) प्रधानाध्यापकहरूको कार्यसम्पादन करार गर्ने र शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन करार गर्न लगाउने, शिक्षक तथा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने गराउने

(ट) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने, विदा प्रमाणित गर्ने गराउने, विदा स्वीकृत नगराई अनुपस्थित रहेका शिक्षक कर्मचारीको हकमा गयल जनाई तलब कट्टा गर्न विद्यालयलाई निर्देशन दिने

(ठ) विद्यालय शिक्षाको गुणस्तर बढाउन लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समयसमयमा बैठक, गोष्ठी वा तालिम सञ्चालन गर्ने, शिक्षकलाई तालिमका लागि सिफारिस गर्ने

(ड) सूचक बनाई विद्यालय, प्रारम्भिक बाल शिक्षा केन्द्र, सामुदायिक सिकाइ केन्द्रको निरीक्षण गर्ने गराउने,

(ढ) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको तालिम लगायत अन्य शैक्षिक क्रियाकलापका लागि विशेषज्ञहरूको समूह तथा रोष्टर बनाई परिचालन गर्ने,

(ण) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको अन्तिम महिना र सुरु महिनामा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(त) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(थ) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको, पाठ्यपुस्तकको खरिद तथा वितरण प्रणाली कानूनसम्मत र प्रभावकारी भए नभएको सम्बन्धमा निरीक्षण गर्ने गराउने र यस सम्बन्धमा विद्यालयलाई आवश्यक निर्देशन गर्ने

(द) विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फछ्र्यौट गर्न लगाउने,

(ध) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजना तथा कार्यक्रमहरूको निरीक्षण तथा समन्वय गर्ने,

(न) विद्यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने, गराउने,

(प) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कार तथा दण्डका लागि शिक्षा समिति समक्ष पेश गर्ने,

(फ) निजी/संस्थागत विद्यालय, शैक्षिक इन्ष्टिच्युट, कोचिङ तथा ट्यूसन सेन्टरहरूको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र पुरस्कार र दण्डको लागि सिफारिस गर्ने,

(ब) सभा, कार्यपालिका, प्रमुख, शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालय तथा आयोगहरूबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने।
(भ) नगरपालिकाले गर्नुपर्ने भनी तोकिएका शिक्षा प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्ने, गर्न लगाउने।

**विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) अभिभावकहरूले आफूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना | –सदस्य |
| (ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य | – सदस्य |
| (ग) विद्यालयको संस्थापक वा शिक्षा प्रेमी मध्येबाट वि.व्य.स. ले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुई जना | –सदस्य |
| (घ) विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एक जना शिक्षक | –सदस्य |
| (ङ) विद्यालयको प्रधानाध्यापक | –सदस्य–सचिव |

(२) विद्यालयको बालक्लबको अध्यक्षलाई व्यवस्थापन समितिको बैठकमा स्थायी आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्नुपर्नेछ। तर व्यवस्थापन समितिको बैठकबाट गरिएका निर्णयलाई लिएर निजउपर कुनै न्यायिक निकायमा प्रश्न उठाउन पाइने छैन।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग वाणिज्य महासंघका बढीमा दुईजनासम्म प्रतिनिधि सदस्य रहनेछन्।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ।

(६) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा कुनै कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष
(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य
(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनित गरेको एकजना - सदस्य
(घ) सम्बन्धित वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य एक जना - सदस्य
(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य
(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यसरी अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(९) विद्यालय व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजिनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक, तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाबाट खटाइएको शिक्षकलाई हाजिर गराई काममा लगाउने, काममा लापरवाही गर्ने वा कानून विपरित काम गरी विद्यालयलाई नोक्सान पुऱ्याउने वा अनुशासन पालन नगर्ने शिक्षक वा कर्मचारीलाई सचेत पार्ने र आवश्यक कारबाहीका लागि शाखामा लेखी पठाउने

(छ) नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने र लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

(ज) नगर शिक्षा समिति र कार्यालयले दिएको आदेशहरूको पालना गर्ने,

(झ) नगरपालिकाको शैक्षिक क्यालेण्डर अनुकुल हुने गरी विद्यालयका कार्यक्रमहरू निर्धारण गर्ने

(ञ) आफैंले नियुक्त गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर र अनुशासन कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार तथा नगरपालिकाले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा सम्बन्धित निकायबाट स्वीकृती लिएर मात्र पढाउने,

(च) प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्त गर्ने,

(छ) सरकारी तलब स्केलमा नघटाई शिक्षकलाई तलबको व्यवस्था गर्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कार्यालय तथा शाखाको निर्देशन पालना गर्ने ।

(१२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१४) विद्यमान व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नुपर्ने छ । म्याद समाप्त भएको विद्यालय व्यवस्थापन समितिले गरेको कुनैपनि निर्णय मान्य हुने छैन ।

(१५) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा यस ऐन विपरित कार्य गरेमा वा विद्यालयको सम्पत्ति हिनिमिना गरेमा वा शैक्षिक वातावरण खल्बल्याएमा वा विद्यालयको अहित हुने काम गरेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(१६) उपदफा (१५) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले सम्बन्धित वडा अध्यक्ष वा सो समितिको सदस्यको अध्यक्षतामा बढीमा पाँच सदस्य रहेको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**नगर शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नका लागि नगरपालिकास्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त तोकिएबमोजिमको रकम

(ग) चन्दाबाट प्राप्त रकम

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(३) नगर शिक्षा विकास कोष सञ्चालन गर्नको लागि देहायका सदस्यहरू रहेको एक कोष सञ्चालक समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| (ख) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (ग) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| (ग) संस्थागत विद्यालयका प्रतिनिधिमुलक संघ संस्थाको प्रमुख/प्रतिनिधि | - सदस्य |
| (घ) शाखा प्रमुख, शिक्षा शाखा | - सदस्य |

(४) उपदफा (२) बमोजिमको कोष परिचालन तथा उपदफा (३) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– चार
## विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीसम्बन्धी व्यवस्था

**प्रधानाध्यापकसम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्त गरिनेछ।

(३) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट तथा सिफारिस गर्दा विद्यालयका योग्यता पुगेका शिक्षकहरूमध्येबाट तोकिएबमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

(४) एक जना व्यक्ति एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी प्रधानाध्यापक हुन सक्ने छैन।

(५) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐनबमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपदफा (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ।

(८) प्रधानाध्यापकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयको सेवाक्षेत्रभित्र रहेका सबै बालबालिकाहरू विद्यालय भर्ना गराउन आवश्यक व्यवस्था मिलाउने

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने, विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(ज) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने र त्यस्तो अभिलेख शाखा प्रमुखले हेर्न चाहेमा देखाउने,

(झ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ञ) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ट) प्रत्येक वर्षको सुरु महिनामा अघिल्लो वर्षको शिक्षक तथा कर्मचारीको विदा अभिलेख निर्धारित ढाँचामा तयार गरी शाखाबाट प्रमाणित गराई राख्ने

(ठ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा शाखामा सिफारिस गर्ने,

(ड) नगरपालिकाबाट नियुक्ति, पदस्थापन तथा सरुवा भई आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(ढ) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(ण) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्त गर्दा समेत कानून बमोजिमको प्रक्रिया अपनाई करारमा नियुक्त गर्ने

(त) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने, (थ) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(द) विद्यालयमा नेपाल सरकार तथा नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ध) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(न) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(प) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तोकिए भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकलाई तोकिएबमोजिम कारबाही गरी अभिलेख राख्ने,

(फ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(ब) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(भ) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखामा पठाउने,

(म) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(य) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने,

(र) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने गराउने।

(९) प्रधानाध्यापकको नियुक्ति प्रक्रिया, सेवा सर्त र सुविधा लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**सहायक प्रधानाध्यापक तथा तहगत इन्चार्ज सम्बन्धी व्यवस्था:**

(१) माध्यमिक तहको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

(२) एकभन्दा बढी तहहरू र विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयमा विद्यालय व्यवस्थापन समितिले शैक्षिक कार्यको संयोजन तथा समन्वय गर्न शिक्षकहरूमध्येबाट तहगत रुपमा इन्चार्जको जिम्मेवारी तोक्न सक्नेछ।

**विद्यालयमा रहने शिक्षक दरवन्दीसम्बन्धी व्यवस्था:**

(१) सामुदायिक विद्यालयहरूमा नगरपालिकाले निर्धारण गरेबमोजिमको सङ्ख्यामा शिक्षकको दरवन्दी रहनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि दरवन्दी भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा १२ सम्म अध्यापन गर्ने स्थायी, राहत, अनुदान लगायत सरकारी कोटाका सबै किसिमका शिक्षक दरवन्दीलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिम शिक्षक दरवन्दी निर्धारण गर्दा विद्यालयको विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा तथा विषयलाई प्रमुख आधारका रुपमा लिनुपर्नेछ ।

(३) शिक्षक दरवन्दी कायम तथा वितरण गर्ने आधार तथा प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**दरबन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको नगरपालिकाभित्रको एउटा विद्यालयबाट दरबन्दी अपुग भएको अर्को विद्यालयमा रिक्त दरबन्दी वा शिक्षकसहितको दरबन्दी नगर शिक्षा समितिले सार्न र मिलान गर्न सक्नेछ ।

(२) विद्यार्थीको पठनपाठनमा असर पर्ने गरी शैक्षिक सत्रको बीचमा शिक्षक दरवन्दी मिलानको कार्य हुने छैन ।

**शिक्षकको सरुवाः**

(१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत सरुवा हुन आवेदन दिने शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी नगर शिक्षा समितिले तोकिएबमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा वा पारस्पारिक सरुवा गर्न सक्नेछ ।

तर, एउटै विद्यालयमा पाँच वर्ष सेवा गरिसकेका शिक्षकलाई आवश्यकताका आधारमा नगर शिक्षा समितिले र त्यस्तो अवधि पूरा नभएको तर विशेष परिस्थितिका कारण सरुवा गर्नुपर्ने अवस्था भएमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले नगरपालिकाभित्रका अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(२) नगरपालिकाभित्र दरबन्दीमा कार्यरत शिक्षकलाई निजको निवेदन र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी अर्को स्थानीय तहको विद्यालयमा सरुवाको लागि शिक्षा शाखा प्रमुखले सहमति दिन सक्नेछ ।

(३) नगर शिक्षा समितिको अनुमति बिना नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भई आउन सक्ने छैन ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी बाहेकको शिक्षक, सम्बन्धित तहमा एक वर्ष सेवा अवधि नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एक वर्षभन्दा कम अवधि बाँकी रहेको शिक्षकको दरवन्दी मिलानको अवस्थामा बाहेक सरुवा हुने छैन ।

(५) शिक्षक सरुवासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**शिक्षक नियुक्ति, म्याद थप तथा बढुवासम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका स्थायी शिक्षकको नियुक्ति तथा सेवा सुविधा र बढुवा सम्बन्धी व्यवस्था संघीय कानूनबमोजिम हुनेछ ।

(२) सामुदायिक विद्यालयको स्वीकृत दरवन्दी वा सरकारी कोटाको जुनसुकै प्रकारको अनुदानको रिक्त शिक्षक पदमा करारमा नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायको करार शिक्षक छनौट समिति रहनेछः

(क) सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्ष - अध्यक्ष

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शाखाले तोकेको विशेषज्ञ २ जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा रहने विशेषज्ञको सूची शाखाले अद्यावधिक गरिराख्नुपर्नेछ । साथै जिल्लास्थित संघीय कार्यालयको समान उद्देश्यका लागि अद्यावधिक रहेको सूचीबाट समेत विशेषज्ञ तोक्न सकिनेछ।

(४) यो ऐन प्रारम्भ भएपछि कसैले पनि नगरपालिकाबाट अनुमति नलिई सरकारी दरवन्दी वा कोटामा करारमा शिक्षक नियुक्त गर्न सक्ने छैन।

(४) करारमा शिक्षक नियुक्त गर्दा आयोगको मौजुदा करार सूचीमा रहेका उम्मेदवारलाई नियुक्त गरिनेछ। तर, करार सूचीमा उम्मेदवार नरहेमा वा करार सूचीका उम्मेदवारले आवेदन नगरेमा आयोगले तोकेबमोजिमको पाठ्यक्रममा आधारित रहेर परीक्षामार्फत शिक्षक छनौट गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिमको समितिले सिफारिस गरेको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्दा बढीमा एक वर्षमा नबढ्ने गरी गर्नुपर्नेछ। तर, यसरी करार गरेको एक वर्ष पुगेको शिक्षकको कार्य सन्तोषजनक रहेको र करारको म्याद थप गर्नुपर्ने अवस्था विद्यमान रहेको भए विद्यालय व्यवस्थापन समितिले प्रत्येक पटक बढीमा छ महिनाका लागि म्याद थप गर्न सक्नेछ।

(६) करारमा नियुक्त शिक्षकले पदीय दायित्त्व पूरा नगरेमा निजलाई नियुक्त गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।
तर, यसरी हटाउँदा सम्बन्धित शिक्षकलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) मौजुदा शिक्षकले नपुग हुने भएमा कार्यदल बनाई उक्त कार्यदलको सिफारिसका आधारमा नगरपालिकाले यस ऐन बमोजिम थप शिक्षक करारमा नियुक्त गर्न सक्नेछ।

(७) शिक्षक पदमा उम्मेदवार हुनको लागि चाहिने शैक्षिक योग्यता संघीय कानूनबमोजिम हुनेछ।

(८) प्रारम्भिक बालशिक्षाका शिक्षकको लागि उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता कम्तीमा कक्षा १२ उत्तीर्ण हुनेछ।

(८) करारमा शिक्षक नियुक्ति, सेवा, सर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहने छ।

(२) उपदफा (१) बमोजिम सरकारी तलब तथा पारिश्रमिक लिने गरी नियुक्त कर्मचारीहरूको पद देहाय बमोजिम हुन सक्नेछः

(क) विद्यालय सहयोगी

(ख) विद्यालय सहायक

(३) उपदफा (२) बमोजिमका कर्मचारीहरूको पदमा निजामति सेवाको समान तहको पद अनुसारको तलब तथा पारिश्रमिक उपलब्ध गराउन संघ सरकारबाट प्राप्त हुने अनुदानमा नगरपालिकाको तर्फबाट साझेदारी गर्न सकिनेछ।

(४) मौजुदा विद्यालय कर्मचारीले नपुग हुने भएमा नगरपालिकाले थप विद्यालय कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ।

(५) सामुदायिक विद्यालयमा विद्यालय कर्मचारीको रिक्त पदमा करारमा नियुक्तिका लागि सिफारिस गर्न देहायबमोजिमको विद्यालय कर्मचारी छनौट समिति रहनेछः

| | |
|---|---|
| (क) सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्षः | अध्यक्ष |
| (ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारीः | सदस्य |
| (ग) सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्यः | सदस्य |
| (घ) शाखाले तोकेको विशेषज्ञ एक जनाः | सदस्य |
| (घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापकः | सदस्य सचिव |

(६) उपदफा (५) (घ) बमोजिमको विशेषज्ञ तोक्दा विद्यालय सहायकका लागि भए कम्तीमा पाँच वर्षको स्थायी अनुभव भएको माध्यमिक तहको शिक्षक वा अधिकृतस्तरको कर्मचारी र विद्यालय सहयोगीका लागि भए कम्तीमा पाँच वर्षको स्थायी अनुभव भएको सहायकस्तरको कुनै कर्मचारी वा शिक्षकलाई तोक्नुपर्नेछ।

(७) कर्मचारीको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता विद्यालय सहायकका लागि कक्षा १२ उत्तीर्ण र विद्यालय सहयोगीका लागि कक्षा १० उत्तीर्ण हुनेछ।

(८) विद्यालय कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने:**

(१) नगरपालिकाले विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा प्रचलित कानून अनुसार आबद्ध गर्नुपर्नेछ।

(२) सामाजिक सुरक्षा कोषमा आबद्ध हुन नसकेका शिक्षक तथा कर्मचारीलाई नगरपालिका र विद्यालयले तोकेबमोजिम आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**पदबाट हटाइने:**

(१) देहायका अवस्थामा तोकिएको प्रक्रिया पूरा गरी नियुक्त गर्ने निकाय वा अधिकारीले शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनेछः

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी संस्थागत विद्यालयमा सञ्चालक भएमा

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गर्ने कार्य गरेमा,

(छ) राजनीतिक दलको सदस्य रहेको पाइएमा

(ज) स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन गरेको

(झ) बिना अनुमति विद्यालय समयमा अन्यत्र कार्य गरेमा,

**शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने:**

(१) नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ।

**शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममाबाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, प्रकोप उद्धार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ।

मस्यौदा

**अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः**

(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउने छ।

**पेशागत संस्था रहन सक्नेः**

(१) नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पेशागत हकहीत सम्बन्धमा कार्य गर्न र सो सम्बन्धमा नगरपालिकालाई सुझाव तथा सहयोग पुऱ्याउन नेपाल शिक्षक महासंघको नगरस्तरीय समिति रहन सक्नेछ।

## परिच्छेद– पाँच
## विद्यार्थी भर्ना, काम गर्ने दिन, पाठ्यक्रम, परीक्षा तथा मूल्याङ्कन

**विद्यार्थी भर्ना सम्बन्धी व्यवस्थाः**

(१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि कक्षा १ मा बाहेक जुन कक्षामा भर्ना हुने हो सो भन्दा अघिल्लो कक्षा पूरा गरेको लब्धाङ्कपत्र/ग्रेडसीट र स्थानान्तरण प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(२) विद्यालयले शैक्षिक सत्रको बीचमा वा सम्बन्धित कक्षामा भर्ना हुन योग्य नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन।

(३) विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन।

(४) शिक्षा शाखाले विद्यालयमा भर्ना नभई निजी रूपमा अध्ययन गरेको व्यक्तिलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा पाँचसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि भर्ना गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम परीक्षा दिन चाहने व्यक्तिले जुन कक्षाको वार्षिक परीक्षा दिन चाहेको हो सो भन्दा दुई कक्षा तलसम्मको विद्यालयबाट लिइएको वार्षिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(६) माथि जेसुकै लेखिएता पनि खुला वा बैकल्पिक विद्यालयमा पढेका विद्यार्थीको भर्ना तथा परीक्षा सम्बन्धी व्यवस्था संघीय कानूनसँग तादाम्य हुने गरी नगरपालिकाले तोके बमोजिम हुनेछ।

(७) विदेशी विद्यालयमा अध्ययन गरेका विद्यार्थीले नगरपालिकाको कुनै विद्यालयमा भर्ना भई अध्ययन गर्न चाहेमा समकक्षता सम्बन्धी संघीय कानूनसँग तादाम्य हुने गरी नगरपालिकाले तोकेबमोजिम विद्यालयले भर्ना गर्न सक्नेछ।

(८) कक्षा आठ, कक्षा दश र कक्षा बाह्रमा स्तर वृद्धि गर्ने उद्देश्यले विद्यार्थी पुनः सोही विद्यालय र कक्षामा अध्ययन गर्न आएमा विद्यालयले त्यस्तो विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ। तर, कुनै विषयको मात्र अध्यापन गराउनुपर्ने भएमा नियमित पठनपाठनबाहेक विद्यालयले छुट्टै व्यवस्था गर्न सक्नेछ।

(९) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ। तर उक्त अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को दुई महिनासम्म भर्ना गर्न सकिनेछ।

(१०) कुनै पनि विद्यालयले शैक्षिकसत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउनु हुँदैन तर शैक्षिक सत्र सुरु हुनुभन्दा बढीमा पन्ध्रदिन अगाडीदेखि विद्यार्थी भर्नाका लागि प्रचारप्रसार गर्न सकिनेछ।

(११) विद्यालयले आफ्नो सेवाक्षेत्रको बालबालिकालाई प्राथमिकता दिई भर्ना गर्नुपर्नेछ।

मस्यौदा

(१२) कुनैपनि विद्यालयले विद्यार्थी भर्नालाई निषेध गर्ने उद्देश्य लिई प्रवेश परीक्षा सञ्चालन गर्नु हुँदैन । तर, विद्यालयको पूर्वाधारले धान्न नसकिने अवस्था रहेमा विद्यालयले मापदण्ड बनाई शिक्षा शाखाको अनुमतिमा प्रवेश परीक्षा वा अन्य वस्तुनिष्ठ आधारमा भर्नाको व्यवस्था गर्न सकिनेछ ।

**विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्थाः**

(१) असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गर्ने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ । तर कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन ।

**बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**विद्यालयमा काम गर्ने दिन तथा विदा सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन कम्तीमा दुईसय बीस दिन हुनेछ ।

(२) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा अठार र शिक्षकले हप्तामा कम्तीमा चौबीस कक्षा अध्यापन गराउनु पर्नेछ ।

(३) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।

(४) नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको सार्वजनिक बिदाका दिन विद्यालयमा विदा रहनेछ ।

(५) नगरपालिकाको विशेष पर्व, परिस्थिति तथा अवसरमा नगरपालिकाले तोकेबमोजिम विद्यालयमा विदा रहनेछ ।

(६) एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालीस दिन विद्यालय विदा दिन सकिनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप तीन दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ ।

(८) यस दफामा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

**शिक्षाको माध्यम**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैरनेपाली नागरिकले नगरपालिकाका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अँग्रेजी भाषामा नै गराउनुपर्नेछ ।

(ङ) कुनै विषय कुनै निश्चित भाषामा अध्ययन गराउनु उपयुक्त हुने देखिएमा नगर शिक्षा समितिले माध्यम भाषा तोक्न सक्नेछ ।

**विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) नगरपालिका क्षेत्रभित्रका विद्यालयले नेपाल सरकारका अतिरिक्त नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ । थप पाठ्यसामग्री वा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने भएमा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(२) विद्यार्थीलाई विद्यालयबाट वा कुनै निश्चित पसल तोकी पुस्तक खरीद गर्न लगाउन पाइने छैन ।

(३) संस्थागत विद्यालयले सामान्यतः कम्तीमा तीन वर्ष नपुगी फरक प्रकाशनको पाठ्यपुस्तक प्रयोग गर्न पाउने छैन ।

(४) सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई तोकिएबमोजिम निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्नेछ।

(५) विद्यालयले यस ऐन बमोजिम पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा शिक्षा शाखा प्रमुखले अनुगमन गर्न, गराउन सक्नेछ। र ऐनबमोजिम भएको नपाइएमा सम्बन्धित विद्यालयलाई तोकिएबमोजिम कारबाही गरिनेछ।

(६) विद्यालयले प्रयोग गर्ने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**पाठ्यक्रम विकास समितिः**

(१) नगरपालिका क्षेत्रभित्रका विद्यालयमा पठनपाठन गरिने स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास, परिमार्जन, सुधार तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्न तथा नगरपालिकाका विद्यालयमा लागू भएको पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी विषयमा नगर शिक्षा समितिलाई सुझाव उपलब्ध गराउन देहायबमोजिमको पाठ्यक्रम विकास समिति रहनेछः

(क) सामाजिक विकास समितिको संयोजक - संयोजक

(ख) आधारभूत तथा माध्यमिक तहका शिक्षकहरूमध्येबाट कम्तीमा एकजना महिला समेत हुने गरी शाखा प्रमुखको सिफारिसमा संयोजकले मनोनयन गरेको तीन जना शिक्षक - सदस्य

(ग) पाठ्यक्रमसम्बन्धी विज्ञता भएका व्यक्तिहरूमध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**परीक्षा समन्वय समितिः**

(१) नगरपालिका क्षेत्रभित्र विद्यालय तहका परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन, परीक्षासम्बन्धी कठिनाइहरूको समाधान गर्न र अन्तरनिकाय समन्वय कायम गर्न देहायका सदस्यहरू रहेको एक परीक्षा समन्वय समिति रहनेछः

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) परीक्षा हेर्ने संघीय मन्त्रालयको जिल्लास्थित कार्यालयको प्रमुख - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको प्रमुख - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयले तोकेको प्रतिनिधि - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिः**

(१) आधारभूत तह (कक्षा-८) को अन्त्यमा सञ्चालन गरिने आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको परिचालन, नियन्त्रण र स्तरीयता कायम गर्न तथा आधारभूत तहका अन्य कक्षाको परीक्षासम्बन्धमा आवश्यक व्यवस्था मिलाउन नगरपालिकास्तरमा देहायका सदस्यहरू रहेको एक आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| (ख) आधारभूत र माध्यमिक तहका शिक्षकको प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिबाट मनोनित कम्तीमा एकजना महिलासहित दुईजना | - सदस्य |
| (ग) शाखाको परीक्षा हेर्ने कर्मचारी | - सदस्य |
| (घ) शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम परीक्षा समितिमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(३) परीक्षा समितिको बैठकमा आवश्यकतानुसार अन्य विशेषज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परीक्षा समितिको सचिवालय शिक्षा शाखामा रहनेछ।

(५) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(६) कक्षा ८ को अन्त्यमा लिइने परीक्षाका सम्बन्धमा आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने,

(ग) परीक्षा सञ्चालन गर्ने, गराउने

(ङ) परीक्षाफल प्रकाशन गर्ने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(च) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न जनशक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(छ) परीक्षासम्बन्धी नियम उल्लंघन गर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक कारबाही गर्ने,

(ज) परीक्षाको परीक्षाफल प्रकाशित भएको छ महिना पछि नियमित प्रक्रिया अपनाई उत्तरपुस्तिका धुल्याउने।

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने।

(७) आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समितिले कक्षा ८ बाहेक आधारभूत तहका अन्य कक्षाहरूमा समेत परीक्षा तथा मूल्याङ्कन प्रणाली लाई व्यवस्थित बनाउन र नगरपालिका स्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(८) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार उप–समिति वा कार्यटोली गठन गरी सो उप–समिति वा कार्यटोली वा सदस्य-सचिव वा कुनै अधिकारीलाई सुम्पन्न सक्नेछ।

## परिच्छेद– छ

## विद्यालयको सम्पत्ति, बजेट तथा लेखा व्यवस्थापनसम्बन्धी व्यवस्था

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ र यस कार्यमा नगरपालिकाले आवश्यक सहयोग पुऱ्याउनुपर्नेछ।

(२) यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा कार्यपालिकाको निर्णय अनुसार उपयोग गर्न सक्नेछ।

(३) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(४) कम्पनीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ।

(५) विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि नगरपालिकामा जानकारी दिनुपर्ने छ तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि सङघीय सरकारको पूर्व स्वीकृति लिनुपर्ने छ।

(६) उपदफा (५) बमोजिम प्राप्त गरेको सम्पत्ति सङघीय सरकारको स्वीकृतिबेगर बेचबिखन गर्न पाइने छैन।

### सामुदायिक विद्यालयलाई दिइने अनुदानः

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिने छ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौति गर्न सकिने छ।

(२) विद्यालयले नगरपालिकाबाट जुन शीर्षकमा अनुदान प्राप्त गरेको हो सोही शीर्षकमा मात्र खर्च गर्नुपर्नेछ।

### विद्यालय कोष सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन्:

(क) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान

(ख) शुल्कबाट प्राप्त हुने रकम

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त हुने रकम

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) विद्यालय कोषको रकम शाखाले तोकेको नजिकैको कुनै बैङ्कमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(३) विद्यालयको सम्पूर्ण खर्च विद्यालय कोषमा जम्मा भएको रकमबाट व्यवस्थापन समितिको निर्णयअनुसार गर्नुपर्नेछ।

(४) विद्यालय कोषको खाता सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। तर कक्षा ५ सम्म सञ्चालित विद्यालयको खाता प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्न सकिनेछ।

(५) विद्यालय कोषको हिसाब–किताब राख्ने, बेरुजु फर्छयौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने व्यक्तिको हुनेछ।

**वार्षिक बजेट तयार गर्ने:**

(१) प्रधानाध्यापकले प्रत्येक वर्ष को असार मसान्त भित्र आगामी आर्थिक वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पठाउनु पर्नेछ।

**आय व्ययको लेखा राख्नुपर्ने:**

(१) निर्धारित ढाँचामा विद्यालयको आय व्ययको लेखा, बिल भर्पाई, नगदी तथा जिन्सी सम्पत्तिको लगत दुरुस्त राख्ने, राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ।

**लेखा परीक्षण गराउने:**

(१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगरपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखापरीक्षकले माग गरेको विवरण देखाउनु प्रधानाध्यापक, लेखाको जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारीको कर्तव्य हुनेछ।

(३) यस दफाबमोजिम विद्यालयहरूमा लेखा परीक्षण गर्न कार्यालयले सार्वजनिक सूचनामार्फत ईच्छुक लेखापरीक्षकबाट आवेदन लिई प्राप्त निवेदनका आधारमा लेखापरीक्षक नियुक्त गर्न सक्नेछ।

(४) यस ऐन बमोजिम विद्यालयसँग स्वार्थ रहेको व्यक्तिले वा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा लेखा राख्ने व्यक्ति वा प्रधानाध्यापकको नजिकको नातेदारले विद्यालयको लेखा परीक्षण गर्न पाउने छैन।

(५) लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरिसकेपछि तोकिएको विवरण खुलाई सो सम्बन्धी प्रतिवेदन सम्बन्धित विद्यालय र शिक्षा शाखामा एक–एक प्रति पठाउनु पर्नेछ।

**विद्यालयको कामको सामाजिक परीक्षण गर्ने:**

(१) सामुदायिक विद्यालयले प्रत्येक वर्ष भदौ मसान्तभित्र अघिल्लो आ.व.मा सम्पन्न कामको तोकिएबमोजिम सामाजिक परीक्षण गर्नुपर्नेछ।

(२) विद्यालयको लेखापरीक्षणका लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य हुनेछ।

(३) निर्धारित ढाँचामा सामाजिक परीक्षणको प्रतिवेदन विद्यालयले शाखालाई उपलब्ध गराउनु पर्नेछ।

मस्यौदा

## परिच्छेद– सात
## विविध

**छात्रवृत्तिसम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तिमा दस प्रतिशतमा नघट्ने गरी विपन्न, जेहेन्दार, अपाङ्गता भएका र सिमान्तकृत समुदायका बालबालिकालाई तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति उपलव्ध गराउनु अघि त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउन विद्यार्थी छनौट गर्ने प्रक्रियामा वडा अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्यको सहभागिता हुने व्यवस्था मिलाउनुपर्नेछ र छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीहरूको विवरण शिक्षा शाखालाई उपलब्ध गराउनुपर्नेछ।

**विद्यालय सुरक्षित तथा शान्ति क्षेत्र हुनेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको बन्द हड्ताल वा अवाञ्छित क्रियाकलाप, राजनीतिक दलका कार्यक्रम र गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) कसैले पनि विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै गतिविधि गर्न पाइने छैन, विद्यालय शान्ति क्षेत्र कायम हुने छ।

(३) कसैले विद्यालय बन्द हुने गरी क्रियाकलाप गरेमा वा बन्द गर्ने प्रयास गरेमा त्यस्ता व्यक्ति उपर प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

**शुल्कसम्बन्धी व्यवस्थाः**

(१) सङ्घीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ।

(३) संस्थागत विद्यालयले विद्यार्थीबाट लिने शुल्क संरचना नगरपालिकाबाट प्रत्येक वर्ष स्वीकृत गराउनुपर्नेछ। कुनैपनि संस्थागत विद्यालयले विद्यार्थीबाट नगरपालिकाले स्वीकृत गरेभन्दा बढी शुल्क लिन पाउने छैन।

**विद्यालय वर्गीकरण गरिनेः**

(१) विद्यमान पूर्वाधार र उपलब्ध गराउने सेवा सुविधाका आधारमा संस्थागत विद्यालयलाई नगरपालिकाले विभिन्न वर्गमा वर्गीकरण गर्नेछ।

(२) विद्यालय वर्गीकरणको प्रक्रिया र वर्गीकरण गरिएका विद्यालयहरूले पालन गर्नुपर्ने सर्तसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, इन्स्टिच्युट वा शिक्षण कोर्स सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, शिक्षण कोर्स, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा यस्तै अन्य कुनै व्यावसायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम कक्षा सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ।

**दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्ने छ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना र विभागीय कारबाहीसमेत हुनेछः –

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, इन्ष्टिच्यूट, ट्यूसन तथा कोचिङ् कक्षा, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र उपदफा (२) मा लेखिएदेखिबाहेक कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा कार्यपालिका वा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछः –

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) कसूरको मात्रा हेरी एक हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म नगद जरिवाना गर्ने,

(घ) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

(च) प्रचलित कानूनबमोजिम अन्य कारबाही प्रक्रिया अगाडी बढाउने ।

(४) कारबाही, सजाय वा जरिवाना गर्दा सम्बन्धित व्यक्तिलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) उपदफा (२) र (३) बमोजिमको सजाय, जरिवाना वा कारबाही उपर चित्त नबुझेमा जिल्ला अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सकिनेछ ।

**नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

**संरक्षकको भूमिकाः**

(१) नगरपालिकाको प्रमुख नगरपालिका क्षेत्रभित्रको समग्र शिक्षा क्षेत्र व्यवस्थापनका लागि संरक्षकको रुपमा रहने छ ।

**बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने छ र त्यस्तो सूचनालाई यसै ऐनको अङ्ग मानिने छ ।

**बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।